## १. न्यायमा पहुँच भनेको के हो ?

उपयुक्त निकायमार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने अवस्था नै न्यायमा पहुँच हो । न्यायमा पहुँचको लागि आफ्नो हक हितको रक्षा गर्न वा आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुन आवश्यक छ । त्यसैगरी न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारीता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो ।

## २. न्यायमा पहुँच आयोग के हो ?

न्यायको खोजी गर्न नसक्ने खास गरी महिला, विपन्न, असहाय, असक्षम वर्गका व्यक्तिहरूको न्यायसम्मको पहुँचलाई सहज बनाउन अवरोधक तत्वहरूको पहिचान गर्ने, आवश्यक सहयोग प्रणालीको स्थापना गर्न सहजीकरण र सम्बन्धित सरोकारवालाहरू बीच समन्वय गर्न सम्माननीय प्रधान न्यायाधीशको अध्यक्षतामा सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोग रहेको छ। आयोगमा न्याय प्रदायक निकायका पदाधिकारीहरूका साथै नागरिक समाजका व्यक्तिहरू समेतको प्रतिनिधित्व रहेको छ । यसले लक्षित बर्गको न्यायमा पहुँच अभिवृद्धि गर्ने सन्दर्भमा आवश्यक नीति एवं संरचना निर्माणको लागि समेत समन्वयात्मक भूमिका खेल्दछ ।

## ३. न्यायमा पहुँच आयोग गठनको आवश्यकता किन ?

न्यायको खोजी र प्राप्ति गर्ने सबैको समान अधिकार रहने भएपनि आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विभिन्न कारणबाट न्यायमा सबैको पहुँच सुनिश्चित हुन सकिरहेको छैन । न्यायको पहुँचमा रहेका व्यवधानहरूको सहि रुपमा पहिचान नगरेसम्म त्यसलाई प्रभावकारी ढंगबाट सम्बोधन गर्न सकिदैन । न्यायमा पहुँचको दायरा अत्यन्त फराकिलो रहेको र यसका आयामहरूलाई सम्बोधन गर्न राज्यका विभिन्न निकायहरूको भूमिका र जिम्मेवारी रहने भएतापनि त्यसको केन्द्र विन्दुमा न्यायपालिका रहन्छ । आम नागरिकले न्यायमा सहज पहुँचको वास्तविक अनुभूति गर्ने वा त्यसलाई व्यवहारमा रुपान्तरण गर्ने माध्यमका रुपमा न्यायपालिका रहने भएकाले न्यायपालिकाले आफ्नो दायराभित्र रही वहिस्करण र विभेदको कारणले न्यायको पहुँचबाट वञ्चित भएका खासगरी वहिस्करण, विभेदमा परेको वर्ग र व्यक्तिको न्यायमा पहुँच अभिवृद्धि गर्ने दायित्व महसुस गरी आयोगको स्थापना गरिएको हो ।

## ४. न्यायमा पहुँच आयोगको उद्देश्य, क्षेत्र र कार्यादेश के हो ?

- ❖ महिला, विपन्न, असहाय र असक्षम बर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रुपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम संचालन गने,
- ❖ कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गने,
- ❖ न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने,
- ❖ न्यायको पहुँचमा रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनीकरणको लागि आवश्यक उपायहरू अवलम्बन गर्ने, गराउने,
- ❖ महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँचअभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने,
- ❖ न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसंग समन्वय गर्ने,

## ५. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना कस्तो रहेको छ ?

आयोगले आफूलाई प्राप्त कार्यादेश अनुरुपको कार्य सञ्चालन गर्ने सन्दर्भमा त्यसलाई व्यवस्थित र प्रभाकारी बनाउन बार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । यसक्रममा आर्थिक वर्ष २०७३/०७४ को वार्षिक कार्ययोजना कार्यान्वयनमा रहेको छ । आयोगले हरेक आर्थिक वर्षमा कार्य योजना बनाई सोही अनुरुप आफ्नो क्रियाकलाप संचालन गर्दछ ।

आयोगका कार्यक्रमहरू खासगरी दुई प्रकारका रहेका छन्। पहिलो, सेवाग्राहीहरूलाई सक्षम बनाउने खालका सेवाग्राही (Demand side) मा केद्रिन्त कार्यक्रमहरू र दोस्रो सेवाप्रदायक निकायलाई सक्षम बनाउने खालका सेवाप्रदायक (supply side) मा केन्द्रित कार्यक्रमहरू।

## ६. न्यायमा पहुँच आयोगका सेवाग्राही (Demand Side) मा केन्द्रित कार्यक्रमहरू कस्ता रहेका छन् ?

- ❖ विपन्न, असहाय र असक्षम वर्गको पहिचान गर्ने,
- ❖ महिला, विपन्न, असहाय र असक्षम व्यक्तिहरूलाई प्राप्त हक अधिकार बारे सन्दर्भ सामग्री र प्रशिक्षक तयार पार्ने,
- ❖ महिला विपन्न असहाय र असक्षम व्यक्तिहरूका हक अधिकारबारे प्रचार प्रसार गर्ने,
- ❖ कानून व्यवसायीहरूले स्वेच्छिक निःशुल्क कानूनी सेवा (Probono) उपलब्ध गराउने प्रणालीको विकास गर्ने,
- ❖ महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको सशक्तीकरणका लागि कानूनी आधार बनाउने,

## ७. न्यायमा पहुँच आयोगका सेवा प्रदायक निकाय (Supply Side) मा केन्द्रित कार्यक्रमहरू के कस्ता रहेका छन् ?

- ❖ रणनीतिक योजनाको तयार पारी कार्यान्वयन गर्ने,
- ❖ न्यायमा पहुँच आयोगसम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गर्ने,
- ❖ न्यायमा पहुँच आयोगसम्बन्धी संरचनागत व्यवस्था गर्ने,
- ❖ अदालतमा नेपाली भाषा राम्रोसँग नजान्ने पक्ष वा साक्षीको लागि अनुवादको सेवा उपलब्ध गराउने,
- ❖ वैतनिक कानून व्यवसायीको सेवालाई विस्तार गरी प्रभावकारी बनाउने,
- ❖ निःशुल्क कानूनी सहायताको सेवा विकास गर्ने,

- अदालतमा आफै प्रतिनिधित्व गर्ने मुद्दाका पक्षहरूका लागि विशेष सेवा प्रदान गर्ने,
- न्यायमा पहुँचका सम्बन्धमा रहेका अवरोधक तत्वहरूको बारेमा अध्ययन गर्ने,
- सरकारी निकायहरूसँग समन्वय गर्ने,
- कानून र न्यायको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थासँग समन्वय गर्ने,

### ८. अदालतमा रहेको सूचना तथा सोधपुछ कक्षको काम के हो?

अदालतमा आउने सेवाग्राहीहरूलाई अदालतबाट दिइने सेवा सुविधाका बारेमा जानकारी दिन र आवश्यक सहजीकरण गर्न सबै अदालतमा सूचना तथा सोधपुछ कक्ष राखिएको छ। अदालतमा कहाँबाट कसरी सेवा दिइन्छ भन्ने बारेमा जानकारी लिन चाहने व्यक्तिले यस कक्षमा सम्पर्क गरेमा त्यहाँका कर्मचारीले सेवाग्राहीलाई आवश्यक जानकारी प्रदान गर्ने वा सहजीकरण गर्ने गर्दछन्।

### ९. अदालतमा एक घण्टाभित्र प्रदान गरिने सेवाहरू के के हुन्?

- कुनै कागजको नक्कल दिने,
- पेशी वा तारिख तोक्ने,
- गुज्रेको तारिख थाम्ने थमाउने,
- वारेसनामा, सकारनामासम्बन्धी कार्यहरू,
- मिलापत्र, पुनरावलोकन फिर्ता, तामेली आदिको निवेदन दर्ता गर्ने,
- लिखित जवाफ वा अन्य प्रमाण कागजात पेश गर्ने,
- जुनसुकै फुटकर निवेदन दर्ता वा दरपीठ गर्ने,
- मुद्दाको कारवाही सम्बन्धी जानकारी सूचना दिने,

### १०. नि:शुल्क कानूनी सेवा कसलाई कसरी प्रदान गरिन्छ?

कानुन व्यवसायीको सेवा लिन नसकेका महिला, विपन्न, असहाय एवं असक्षम र कैदी/थुनुवा व्यक्तिलाई अदालतले वैतनिक कानून व्यवसायी  मार्फत नि:शुल्क कानूनी सेवा उपलब्ध गराउँछ। अदालतमा यस्ता वैतनिक कानून व्यवसायीले त्यस्ता व्यक्तिको लागि आवश्यक लिखत तयार गरिदिने, अदालतमा वहस पैरवी गरिदिने तथा कानूनी राय सल्लाह समेत दिने काम गर्दछन्। सो वापत वैतनिक वकीललाई अदालतले नै पारिश्रमिक दिएको हुन्छ । सेवाग्राहीले कुनै पारिश्रमिक दिनु पर्दैन। हिमाली र पहाडी (कास्की र काठमाडौं उपत्यका भित्रका जिल्ला वाहेक) क्षेत्रमा रहेका जिल्लाहरूका अर्धन्यायिक निकायमा समेत वैधानिक कानून व्यवसायीको सेवा विस्तार गरिएको छ। हरेक अदालतमा वैतनिक कानून व्यवसायीको कक्ष रहेको छ । सो कक्षमा रहने वैतनिक कानून व्यवसायीसँग सम्पर्क गरी वा सम्बन्धित अदालतबाट वैतनिक कानून व्यवसायीको बारेमा जानकारी लिई सेवा प्राप्त गर्न सकिन्छ ।

### ११. मोवाइलबाट नि:शुल्क कानूनी सेवाको खोजी कसरी गर्न सकिन्छ?

आफ्नो जिल्लाको नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने वैतनिक कानून व्यवसायीको मोवाइल नम्बर खोजी गर्नका लागि मोवाइलको म्यासेज बक्समा LA टाइप गरी स्पेस दिने, त्यसपछि सम्बन्धित जिल्लाको नामको अंग्रेजीको पहिलो अक्षर र सो जिल्लाको लागि नेपाल टेलिकमले तोकेको STD कोड नं टाइप गरेर ३०३०३ मा पठाउनु पर्छ। म्यासेजको उत्तरमा सम्बन्धित जिल्ला अदालतको वैतनिक कानून व्यवसायी र स्रेस्तेदारको मोवाइल नं उपलब्ध हुन्छ। जस्तै पाल्पा जिल्लाको लागि वैतनिक कानून व्यवसायीको सेवा आवश्यक भए LA p075 टाइप गरेर ३०३०३ मा मेसेज पठाउनु पर्छ। मेसेजको उत्तरमा पाल्पा जिल्ला अदालतको वैतनिक कानून व्यवसायी र स्रेस्तेदारको मोवाइल नं. उपलब्ध हुन्छ।

### १२. असक्षम पक्षलाई अदालतले के कस्तो सेवा प्रदान गर्न सक्छ ?

अदालतमा पेश गर्नुपर्ने सानातिना निवेदनहरूको ढाँचा बनाई उक्त ढाँचाहरू सर्वोच्च अदालतको वेभसाइटमा राखिएको छ। अदालतमा सेवा लिन आउने सेवाग्राहीहरूमध्ये असक्षम सेवाग्राहीहरूलाई नि:शुल्क रुपमा उपलब्ध गराई भर्ने व्यवस्था मिलाइएको छ। यस्ता निवेदनमा धेरै कुरा भर्न नपर्ने गरी सजिलो बनाइएको छ। अदालतले नियुक्त गरेका वैतनिक कानून व्यवसायीले नै यस्तो निवेदन तयार गर्न सहयोग गर्छन्। त्यस्ता सामान्य प्रकृतिका निवेदनका ढाँचाहरू अदालतको सोधपुछ कक्ष, वैतनिक कानून व्यवसायीको कक्ष वा सम्बन्धित फाँटबाट प्राप्त गर्न सकिन्छ ।

### १३. न्याय खोजी गर्ने तरिका बारे जानकारी लिन कुनै नि:शुल्क टोलफ्रि नम्बरको व्यवस्था छ ?

अदालत सम्बन्धी कुनै जानकारी चाहिएमा वा कुनै अन्यायमा परेको कारण त्यसको कानूनी उपचार पाउन के गर्नुपर्छ भन्ने जानकारी लिन चाहने वा कुनै उजुरी वा गुनासो गर्न चाहेमा अदालतको ११८८ नम्बरमा फोन गरी सेवा लिन सकिन्छ। यसमा फोन गर्दा पैसा लाग्दैन। साथै गुनासोकर्ताको पहिचान गोप्य रहन्छ।

### १४. अदालतमा प्राप्त हुने सेवा बारे कहाँ उजुरी गर्ने ?

अदालतबाट प्रदान हुने विभिन्न सेवाहरू र कामकारवाहीका बारेमा सेवाग्राहीका गुनासाहरू भए सुन्न र ती गुनासाहरू सम्बोधन गर्नका लागि हरेक अदालतमा एक जना गुनासो सुन्ने अधिकारी तोकिएको हुन्छ। सेवाग्राहीले आफ्ना गुनासा वा पीर मर्काहरू जनुसुकै बेला ती अधिकारीसमक्ष गएर सुनाउन सक्छन्। साथै, गोप्य रुपमा लिखित उजुरी दिन मिल्ने गरी सबै अदालतहरूमा उजुरी पेटिका राखिएको  छ। यसरी प्राप्त उजुरी तथा गुनासाहरूलाई अदालतले तुरुन्त सम्बोधन गर्छ। गुनासोकर्ताको पहिचान गोप्य रहन्छ।

### १५. अदालतको सेवा प्रवाह सन्तोषजनक नभएमा कहाँ कसरी उजुरी गर्न सकिन्छ ?

कुनै पनि अदालतमा वा न्यायिक निकायहरूमा भएको काम कारवाहीका बारेमा कुनै पनि कर्मचारी वा न्यायधीश विरुद्ध उजुरी दिन, गुनासो राख्न वा सुझाव दिन परेमा पैसा नलाग्ने नम्बर १६६००१३३३५५ मा फोन गरेर टिपाउन वा लिखित रुपमा पनि उजुरी वा गुनासो राख्न वा

cjs@supremecourt.gov.np मा इमेल गर्न सकिन्छ।साथै हरेक जिल्ला र उच्च अदालतमा समेत गुनासो सुन्ने संयन्त्र रहेको हुन्छ। जिल्ला अदालतमा जिल्ला न्यायाधीश वा स्रेस्तेदार र उच्च अदालतमा मुख्य न्यायाधीश वा रजिष्ट्रारसमक्ष गुनासो उजुरी गर्न सकिन्छ। उजुरीकर्ताको पहिचान गोप्य रहन्छ।

## १६. पहिलो पटक अदालत आउने सेवाग्राहीका लागि के कस्तो परामर्श सेवा उपलब्ध छ ?

अदालतमा पहिलो पटक आएका सेवाग्राहीलाई मुद्दाको प्रकृतिको आधारमा त्यसको कारवाहीको लागि लाग्न सक्ने समय र प्रक्रिया समेतका विषयमा अदालतका कर्मचारीले जानकारी दिन्छन्। यसले गर्दा सेवाग्राहीहरूले अदालतका कामकारवाहीबारेमा अन्योलमा रहनु पर्दैन। त्यस्तो परामर्श सोधपुछ कक्ष वा सम्बन्धित शाखा/फाँटका कर्मचारीबाट समेत लिन सकिन्छ।

## १७. सेवाग्राहीले कसरी न्यायधीशसँग भेटघाट गर्न सक्छन ?

सबै अदालतहरूमा महिनाको एक पटक मुद्दाका पक्षहरूले त्यस अदालतका न्यायधीशसँग सामुहिक रुपमा भेटेर आफ्ना समस्याहरू सुनाउन पाउँछन्। खासगरी अदालतबाट दिइएको सेवाको स्तर, सुधार गर्नुपर्ने विषयहरू, कुनै कर्मचारीबाट अनुचित व्यवहार भएको भए ती कुराहरू समेत न्यायाधीशसँगको भेटघाटमा राख्न पाइन्छ। सेवाग्राहीको सुझावको आधारमा अदालतमा गर्नुपर्ने प्रशासनिक वा व्यवस्थापकीय सुधारहरू गरिन्छ।

## १८. सरकारी कामकाजको भाषा नबुझ्नेका लागि दोभाषेको सेवा कसरी लिने ?

अदालतको इजलासमा हुने वयान वकपत्र जस्ता प्रक्रियामा प्रयोग हुने भाषा नबुझ्ने पक्ष वा असमर्थ पक्षको साक्षीलाई उनीहरूले बुझ्ने भाषामा सेवा दिनका लागि सबै अदालतमा नि:शुल्क दोभाषेको सेवा उपलब्ध गराइएको छ। यसका लागि सर्वोच्च अदालतले निर्देशिका बनाई सबै अदालतहरूमा पठाउनुका साथै दोभाषेको पारिश्रमिकको लागि बजेटको पनि व्यवस्था गरेको छ। भाषाको कठिनाइ रहेका पक्ष वा साक्षीहरूले अदालतबाट उपलब्ध दोभाषे व्यक्तिको सेवा प्राप्त गर्न चाहेमा सम्बन्धित अदालतमा जानकारी गराई सेवा प्राप्त गर्न सकिन्छ ।

## १९. अदालतबाट प्रदान गरिने SMS सेवा भनेको के हो ?

सर्वोच्च अदालत वा उच्च अदालतमा चलेको मुद्दाको कुनै पक्षले आफ्नो मुद्दाको कारवाही कुन अवस्थामा छ भन्ने बारेमा वा पेसी वा तारेख कहिले छ भन्ने बारेमा जान्न चाहेमा ३०३०३ मा मोवाइलबाट मेसेज पठाएर जानकारी पाउन सक्ने व्यवस्था मिलाइएको छ। अदालतबाट नै त्यस्तो जानकारी पठाइदिन मुद्दाका पक्षले अनुरोध गरेमा अदालतले पनि नियमित रुपमा त्यस्तो जानकारी मेसेजबाट दिने गर्छ। यसका लागि मुद्दामा पक्षहरूले आफ्नो मोवाइल नम्बर अदालतलाई उपलब्ध गराउनु पर्ने हुन्छ।

## २०. आफूलाई पायक पर्ने अदालतबाट तारिख लिन कसरी सकिन्छ ?

सर्वोच्च अदालत वा टाढाको अदालतमा चलिरहेको मुद्धामा पक्षले तारिख लिन त्यहाँसम्म जान नचाहेमा वा नसकेमा उसले आफूलाई पायक पर्ने अदालतबाट पनि तारिख लिन पाउने गरी अदालतमा व्यवस्था मिलाइएको छ। त्यसका लागि मुद्धा चलेको अदालतमा सो विषयको जानकारी गराई आफूले कुन अदालतबाट त्यसप्रकार तारेख लिन चाहेको हो सो समेत उल्लेख गर्नु पर्छ ।

## २१. वेभसाइटबाट मुद्दाको अवस्था बारेमा जानकारी कसरी पाउन सकिन्छ ?

सर्वोच्च अदालतको वेभसाइटमा मुद्दाको दैनिक तथा साप्ताहिक पेसी प्रकाशित हुन्छ। आफ्नो मुद्दा कुन इजलासमा कति क्रमसंख्यामा परेको छ भन्ने कुरा सेवाग्राहीहरूले इन्टरनेटबाटनै थाहा पाउन सक्छन्। यो वेभसाइटको प्रयोग गरेर अदालतमा चलेको मुद्दामा पक्षले मुद्दाको कारवाही कुन अवस्थामा छ भनेर पनि जान्न सक्छन्। सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np मा प्रवेश गरेर यस्तो जानकारी लिन सकिन्छ। वेवसाइटमा रहेका विभिन्न आइकनमा प्रवेश गरी आवश्यक विवरण प्राप्त गर्न सकिन्छ ।

## २२. मुद्दाको पक्षहरू बीच कसरी मेलमिलाप गर्न सकिन्छ ?

अदालतमा कारवाही अवस्थामा रहेका र अन्तिम फैसला हुँदा सम्मको कुनै पनि अवस्थामा मुद्दामा पक्षहरू सहमत भएमा मिलापत्र गर्न सकिन्छ । खासगरी व्यक्तिबादी मुद्दाहरू आपसमा छलफल गरेर मिल्न पक्षहरूलाई अदालतले प्रोत्साहन गर्दछ। यसरी मेलमिलाप गराउन हरेक अदालतमा मेलमिलाप सम्बन्धी तालिम लिएका मेलमिलापकर्ताहरू हुन्छन्। मुद्दाका पक्षहरूले मेलमिलापकर्ता छान्न पाउँछन। मुद्दाका पक्षहरूले आफूले छानेका मेलमिलापकर्ताहरू समक्ष उपस्थित भई आपसमा छलफल गरेर आफ्नो मुद्दाको फैसला आफै गर्न सक्छन्। जिल्ला अदालतमा बादी प्रतिवादी जोडिई सकेपछि मुद्दामा मेलमिलाप हुन सक्ने नसक्ने बारेमा समेत पक्षहरू बीच छलफल गराइन्छ । मुद्दा मेलमिलाप गर्न पठाइएकोमा मेलमिलाप हुन नसकेमा पुन: इजलासमा पेश भई निर्णय हुन्छ । मेलमिलापले विवादलाई सधैको लागि अन्त्य गर्छ।

## २३. अदालतका कामकारवाही बारे कस्तो निगरानीको प्रबन्ध गरिएको छ ?

सर्वोच्च अदालतको अनुगमन महाशाखाले देशभरिका अदालतहरूमा के कसरी काम भई रहेको छ, सेवाग्राहीलाई झन्झट हुने कुनै काम भएको छ कि ? कही अनियमितता भएको छ कि ? भन्ने जस्ता विषयको विभिन्न माध्यमबाट नियमित र अनुगमन निगरानी गरिरहेको हुन्छ। कही कुनै कमजोरी देखिएमा तुरुन्त सम्बोधन गर्ने गरिएको छ।

## २४. अदालतले दिने सेवा, लाग्ने समय र दस्तुरबारे कसरी जानकारी पाउन सकिन्छ ?

अदालतको कामकारवाहीको क्रममा निवेदन गर्ने स्थान, अधिकारी, लाग्ने समय र दस्तुरहरू तथा काम समयमा नभएमा गुनासो सुन्ने अधिकारी आदि बारेमा स्पष्ट रुपमा लेखेर हरेक

अदालतमा सबैले देख्ने गरी राखिएको हुन्छ। यसलाई नागरिक वडापत्र भनिन्छ। अदालतमा तिर्ने कोर्टफी लगायत सबै खालका दस्तुर वापत रसिद पाइन्छ। कसैले तिरेको रकम वापत रसिद नदिएमा मागेर लिनुपर्छ र गुनासो सुन्ने अधिकारीसमक्ष उजुर गर्नुपर्छ। अदालतमा तोकिएको दस्तुर वा शुल्क भन्दा बढी रकम तिर्नु पर्दैन ।

### २५. अदालतको फैसलाबाट कैद जरिवाना लागेका व्यक्ति पक्राउ गरेमा के कस्तो प्रोत्साहन रकम दिइने गरिन्छ ?

कैद, जरिवाना वा सरकारी बाँकी तिर्न बुझाउन पर्ने व्यक्ति पक्राउ गरी ल्याउने वा जरिवाना असुल गरी ल्याउने व्यक्ति, कर्मचारी वा संस्थालाई प्रोत्साहन स्वरुप असुल गरी ल्याएको जरिवाना रकमको २५ प्रतिशत र प्रति एक महिना कैदवापत रु १५०।- का दरले पुरस्कार दिने व्यवस्था छ। यस्तो काममा एक भन्दा बढी कर्मचारी, व्यक्ति वा संस्था संलग्न भएमा सो पुरस्कार वराबर बाडेर लिन पाउँछन्। सजाय पाउने व्यक्ति आफै फैसला भएको ६० दिनभित्र अदालतमा आएमा तोकिएको सजायमा २० प्रतिशत छुट दिइन्छ।

### २६. समुदायमा अदालत (judicial out reach) कार्यक्रम कस्तो कार्यक्रम हो ?

अदालतले दिने सेवा, मुद्दाको कारवाही प्रक्रिया लगायतका विषयमा समुदायका व्यक्तिलाई जानकारी गराउन तथा अदालतका बारेमा समुदायका व्यक्तिहरूको धारणा बुझ्न विद्यालय, सामाजिक संस्था वा समुदायका व्यक्तिहरूसँग अदालतले समय समयमा छलफल गर्ने गर्छ। यस अवसरमा त्यहाँका व्यक्तिहरूले अदालतबारेका आफ्ना विचारहरू खुलेर व्यक्त गर्न पाउँछन्। यसबाट अदालतको कामकारबाहीका बारेमा यथार्थ जानकारी पाउन सकिन्छ ।

### २७. न्यायमा पहुँच आयोगको सचिवालय कहाँ छ र के काम गर्छ ?

न्यायमा पहुँच आयोगमा निर्णयका लागि पेश गरिने बिषयहरू तयार गरी आयोगको बैठकमा पेश गर्ने, आयोगबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने तथा कार्यान्वयन अवस्थाको अनुगमन गर्ने समेतको कार्यका लागि सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको सचिवालयको स्थापना गरिएको छ। आयोगका कामकारवाही तथा सोसम्बन्धी कुनै विषयको जानकारी आवश्यक भएमा सचिवालयको फोन नम्बर ०१-४२६२७०२ मा वा इमेल ठेगाना a2jc@supremecourt.gov.np मा सम्पर्क गर्न सकिन्छ ।

### २८. न्यायमा पहुँचसँग सम्बन्धित विषयमा जानकारी कहाँबाट प्राप्त गर्न सकिन्छ ?

न्यायमा पहुँच सम्बन्धी जानकारी न्यायमा पहुँच आयोगको सचिवालय एवं प्रत्येक अदालतका सोधपुछ कक्षबाट प्राप्त गर्न सकिन्छ।

## सम्पर्क ठेगाना:

सर्वोच्च अदालत

**न्यायमा पहुँच आयोग**

रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८

ईमेल : a2jc@supremecourt.gov.np

वेभसाइट : www.supremecourt.gov.np

# न्यायमा पहुँच आयोग
# संक्षिप्त जानकारी पुस्तिका



**सर्वोच्च अदालत**

**न्यायमा पहुँच आयोग**

रामशाहपथ, काठमाडौं

२०७४